# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट सिन्धुली
### बागमती प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२७)*

मरिण गाउँ कार्यपालिकाको मिति २०७९/०८/२४ गतको निर्णयानुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल अनुसारको पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रितपूर्वक फाराम भरि दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | पद | विज्ञापन नं. | माग/ पद संख्या | पारिश्रमिक तथा सेवा सुविधा (मासिक रु.) | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | हलुका सवारी चालक | ०६/०७९/०८० | १ (एक) | २५,०००/- | ४००/- | |

१. **शर्तः-** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

२. **दरखास्तको साथ पेश गर्नुपर्ने कागजातः-** सवारी चालक अनुमति पत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा कानून बमोजिमका अन्य कागजातहरु ।

३. **उमेरः-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/०९/१२ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

५. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः-** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लि., कपिलाकोट शाखामा रहेको यस मरिण गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. १५३०१००३०१०१३००२ मा जम्मा गरि सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

६. **परीक्षाको किसिमः-** संक्षिप्त सूची, प्रयोगात्मक तथा अन्तर्वार्ता ।

७. **परीक्षाको मिति, समय र स्थानः-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

८. **दरखास्त पेश गर्ने स्थानः-** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

९. **करार अवधिः-** मिति २०८० असार मसान्त सम्म (आवश्यकता अनुसार गाउँ कार्यपालिकाले सेवा करार अवधि थप गर्न सक्नेछ) ।

१०. **कार्यविवरणः-** गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत